NEPALI #3
HIGHLIGHTS LIFE CHRIST



# प्रभु येशू ख्रीष्टको जीवनका विशेषताहरू

## ३

### येशू ख्रीष्ट – अगमवक्ता र राजा

- मोशा जस्तो अगमवक्ता
- येशूको राज्यको नियमहरु
- येशूका नियमहरुको आज्ञा पालन

"तिमीहरू पृथ्वीका नून हौ ... ... ... ... ... ... ...
तिमीहरू जगतका ज्योति हौ ... ... ... ... ...यसरी नै
तिमीहरूको ज्योति मानिसहरूको सामु चम्कोस् र
तिनीहरूले तिमीहरूका सुकर्म देखून् र स्वर्गमा हुनुहुने
तिमीहरूका पिताले महिमा गरून् ।" मत्ती ५:१३-१६

## उत्तर लेख्नुहोस्

३. कस्को व्यवस्थाले मानिसहरूमा अधिक प्रभाव पार्दछ ?
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

४. कस्को व्यवस्थाले व्यक्ति को हो भन्ने विषयमा बताउँछ?
... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

५. येशूले भन्नुभयो "तिमीहरू पृथ्वीका........ ... ... ... र
जगतका ... ... ... ... ... ... ... ... ... ... ... ... हौ ।"

## विचारहरू र भावनाहरूका नियमहरू




मोशाको व्यवस्था यस स्तरको छ जसद्वारा मानिसहरूले अर्को व्यक्तिको कामलाई जाँच्न सक्दछन् । प्रभु येशू खीष्ट हामीहरूलाई स्तर दिनुहुन्छ जसद्वारा प्रत्येक व्यक्तिले आफ्नो व्यवहार आफैले जाँच्नै पर्दछ । एक व्यक्तिले व्यवस्थाको पालन गरेर पनि उसको हृदय पापले भरिएको हुन सक्दछ । हामीहरूमा भएका दुष्ट विचार, भावनाहरू र इच्छालेनै हामीहरूलाई पाप गराउन लगाउँदछ । हामीहरूले पवित्र जीवन बिताउनसकौं भनेर प्रभु येशूले हामीहरूलाइ मनको शुद्धिको शिक्षा दिनुहुन्छ ।

म व्यवस्था अथवा अगमवक्ताहरूलाई रद्द गर्न आएको भन्ने नसम्झ, रद्द गर्न होइन तर पूरा गर्न म आएँ ।
मत्ती ५:१७-१८

तिमीहरूले सुनेका छौ, प्राचीन समयकाहरूलाई यसो भनिएको थियो, हत्या नगर ... ... ... ... ... ... तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्ना भाइलाई तँ मूर्ख भन्ला, त्यो नरकको आगोको योग्य हुनेछ" ।
मत्ती ५:२१,२२

तिमीहरूले यसो भनेको सुनेका छौ "तैंले व्यभिचार नगर" तर म तिमीहरूलाई भन्दछु 'जस्ले कोही स्त्रीलाई खराब इच्छाले हेर्दछ त्यसले अघिबाटै त्यसको हृदयमा व्यभिचार गरिसकेको हुन्छ।' मत्ती ५:२७–२८

## उत्तर लेख्नुहोस्

६. के हाम्रा विचारहरू र भावनाहरूको जिम्मेदार हामीहरू आफैं हुनुपर्छ भनी परमेश्वर ठहराउनु हुन्छ ?

……… (क) होइन, मानिसको बिचार अथवा इच्छामा कसैले सहायता गर्न सक्तैन।

……… (ख) हो, हाम्रो बिचार र भावनाले हाम्रो काममा असर पार्छ।

## प्रेमको व्यवस्था

प्रभु येशू ख्रीष्टको राज्यको मुख्य व्यवस्था चाँहि प्रेमको व्यवस्था हो। यो चाँहि परमेश्वर प्रतिको प्रेम र एक अर्का प्रतिको प्रेम हो।






एकजना व्यवस्थाका पण्डितले सोधे, "गुरु ! व्यवस्थामा मुख्य आज्ञा कुन चाँहि हो ?" प्रभु येशूले तिनलाई जवाफ दिनु भयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्ना सारा हृदयले आफ्ना सारा प्राणले र आफ्ना सारा समझले प्रेम गर्नु। प्रमुख र प्रथम आज्ञा यही हो। दोश्रो चाँहि त्यही जस्तो हो, तैंले आफ्ना छिमेकीलाई आफैंलाई जस्तै प्रेम गर्नु। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षा यिनैं दुइ आज्ञाहरूमा निर्भर छन।" मत्ती २२:३५–४०

"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'तिम्रो छिमेकीलाई प्रेम गर र तिम्रो शत्रुलाई घृणा गर।' तर म तिमीहरूलाई भन्दछु, 'आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूका खेदो गर्नेहरूका निम्ति प्रार्थना गर। र तिमीहरू तिमीहरूका स्वर्गका पिताका सन्तान हुन सक्नेछौ। किनभने उहाँले दुष्ट र सज्जन दुवैका निम्ति घाम लगाई दिनु हुन्छ र धर्मी र पापी दुवै माथि बृष्टि दिनुहुन्छ।" मत्ती ५:४३–४५

### यस्तो गर्नुहोस्

७. यस भागलाई फेरि एकचोटि पढनुहोस्

८. प्रभु येशूले दिनु भएका मुख्य दुइवटा आज्ञाहरू कण्ठ गर्नुहोस्

## येशू ख्रीष्टले दिनु भएका नियमहरूको पालन

प्रभु येशू भन्नुहुन्छ कि तपाईको जीवन उहाँको आज्ञा पालन गर्नुमानै निर्भर रहन्छ । वर्तमान र भविष्यको आनन्दित जीवनको रहस्य यसैमा छ ।

"जब मैले भनेका कुराहरू गर्दैनौं भने किन मलाई, हे प्रभु, प्रभु भन्दछौ ? जो कोही मकहाँ आएर मेरा वचन सुनेर ती गर्दछन, त्यो को जस्तो हो म तिमीहरूलाई देखाउछु, त्यो एउटा घर बनाउने मानिस जस्तो हो, जसले गहीरो गरी खनेर चटानमाथि जग बसाल्यो, र भल चलेर खोलो त्यस घरमाथि ओइरिदा पनि त्यसलाई डगाउन सकेन, किनकि त्यो पक्का बनिएको थियो । तर जस्ले सुनेर यो गर्दैन, त्यो एउटा मानिस जस्तो हो, जसले जमीनमा जगबिनाको घर बनायो र त्यसमाथि भल ओइरियो र त्यो तुरून्तै ढल्यो र त्यस घरको ठूलो सर्वनाश भयो ।" लूका ६:४७–४९




प्रभु येशू ख्रीष्टको आज्ञा पालन गर्नलाई खाली यही कठिनाई छ कि कसैले पनि यस आज्ञालाई आफैं पालन गर्न सक्तैन । हामीहरूलाई यसप्रकारले बनाइएको होइन । हाम्रो हृदयमा पाप, स्वार्थीपन र विरोध भएको कारणले हामीहरू त्यस स्तरमा पुग्न सक्तैनौं यसो भए हामीहरू के गर्न सक्छौं त ?

धार्मिक अगुवा निकोदेमससंगको एक वार्तालापमा येशू ख्रीष्टले यस रहस्य हामीहरूलाई बताउनु भयो । परमेश्वरले हामीहरूलाई बदलि गरेको कारणले हामीहरू प्रभु येशू ख्रीष्टको आज्ञा पालन गर्न तयार हुन्छौ । अनि उहाँको पवित्र आत्माले हामीहरूलाई यस्तो गर्नमा सहायता गर्नुहुन्छ । प्रभु येशूले यसलाई नयाँ जन्म भन्नुभयो । यस नयाँ जन्मद्वारा हामीहरू परमेश्वरका सन्तान हुन्छौं र हामीहरूले नयां स्वभाव पाउछौं ।

करोडौं मानिसहरूले यस्तो अनुभव गरेका छन् । तिनीहरूले येशूको पछि हिंडन थालेपछि एक अचम्मको नयां जीवनको अनुभव गरेका छन । र तिनीहरू परमेश्वरको राज्यको हकदार भइकन त्यस अनन्त सुन्दर घरमा बस्ने दिनको बाटो हेरिरहेका छन ।

**प्रार्थना**

हे परमेश्वर, मेरो जीवन नष्ट भएको म चाहन्न । दयागरी मेरो जीवनबाट खराब कुराहरू हटाइ दिनुहोस् । मलाई नयां मानिस बनाउनुहोस् र मलाई तपाइको प्रेम दिनुहोस् । प्रभु येशूको शिक्षामा मेरो जीवन बनाउन मलाई सहायता गर्नुहोस् । कृपया मलाई तपाईको सन्तान बनाउनुहोस् । आमेन ।

## उत्तर लेख्नुहोस्

९. तलको सूचिमा प्रभु येशूले गर्नु भनि आज्ञा गर्नु भएको शब्दहरूमा घेरा लगाउनुहोस :

| | |
|---|---|
| परमेश्वरलाई प्रेम | न्याय |
| रिसाउनु | चोरी |
| असल काम | घृणा |
| शत्रुको निम्ति प्रार्थना | क्षमा |
| एकले अर्कालाई प्रेम | अपराध |
| येशूको बचन पालन | हत्या गर्नु |

१०. कुन चांहि जीवन न्यायको दिनमा खडा हुनेछ र अनन्तकालसम्म रहिरहन्छ ?

(क) जसले येशू खीष्टको शिक्षा पालन गर्दछ ।

(ख) जसले आफैलाई खुशी तुल्याउँछ ।

(ग) जसले अरूलाई खुशी तुल्याउँछ ।

११. यदि तपाईको नयाँ जन्म भइसकेको भए, परमेश्वरले नयाँ जन्म दिनुभएकोमा उहाँलाई धन्यवाद चढाउनुहोस् । यदि अहिलेसम्म तपाईको नयाँ जन्म भएको छैन भने के तपाई नयाँ जन्म पाएको चाहनु हुन्छ । यदि चाहनुहुन्छ भने माथिको प्रार्थना पढ्नुहोस् र नयाँ जीवन पाउनलाई परमेश्वरसंग प्रार्थना गर्नुहोस् ।

## बधाई

तपाईले यस अध्ययनको आधा पाठ सिध्याउनु भयो। तपाईबाट पाठ २ र ३ को "उत्तर पृष्ठ" पाउनासाथ, हामी त्यसलाई जाँचेर पाठ ४ र ५ को साथ फिर्ता गरिदिनेछौं। जम्मा ६ वटा पाठ सक्नु भए पछि तपाईलाई एउटा सुन्दर प्रमाणपत्र पनि पठाइनेछ। यी पाठहरू सिक्न र पालन गर्नमा परमेश्वरले तपाईलाई आशिष देऊन्।

## तपाईको प्रश्न या सुझाव

यदि यस पाठहरूमा आधारित कुनै प्रश्न या सुझावहरू भए "उत्तर पृष्ठ" मा भएको खाली ठाउँमा लेख्नु होला।

ठेगाना:

**इन्टरनेशनल करेस्पोण्डेन्स इन्स्टिट्यूट**
**पो. अ. ब. ४१६**
**काठमाडौं**

**International Correspondence Institute**
**P. O. Box 416**
**Kathmandu**

मुद्रक: वण्डर प्रिन्टिङ्ग प्रेस, नरदेवी, काठमाडौं
फोन नं १४२२३ र १४२२४

## पुत्रलाई पिताको क्षमा

**येशू ख्रीष्टको एक उखानः**

प्रभु येशू ख्रीष्ट धेरै जसो छोटो कथाहरू अथवा उखानहरूद्वारा आत्मिक सत्यताको शिक्षा दिनुहुन्थ्यो। तिनीहरूमध्ये यो पनि एक हो :

"कुनै मानिसका दुई छोरा थिए र तिनीहरूमध्ये कान्छा चाहिंले बाबुलाई भन्यो, 'ए पिता धन–सम्पत्तिको मेरो भागमा पर्ने हिस्सा मलाई दिनुहोस्।' तब तिनले तिनीहरूलाई सम्पत्ति बाँडिदिए। अनि थोरै दिनमा कान्छो छोराले सबै धन–सम्पत्ति बटुलेर टाढा देशमा गइहाल्यो, औ त्याहाँ मोज–मजामा आफ्नो सम्पत्ति उडायो। तर त्यसले सबै खर्च गरिसकेपछि त्यस देशभरि ठूलो अनिकाल पऱ्यो र त्यसलाई खाँचो पर्न लाग्यो। औ त्यो गएर त्यस देशका निवासीहरूमध्ये एउटा कहाँ टाँसियो, औ उसले त्यसलाई आफ्नो खेतमा सुँगुर चराउन पठायो। सुँगुरहरूले खाने गरेका कोसाहरूले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, औ कसैले त्यसलाई केही दिंदैन थियो।

तर त्यसको होस खुलेपछि त्यसले भन्यो, 'मेरो बाबुका कति ज्यालादारी चाकरहरूलाई खानेकुरो प्रशस्त भएर उब्रने समेत होलान, तर म चाहिं भोकले मरिरहेछु। म उठेर आफ्ना बाबुकहाँ जानेछु र उहाँलाई भन्नेछु, 'हे पिता, मैले स्वर्गको बिरूद्धमा पाप गरेको छु, अब उप्रान्त म तपाईंको छोरो भनिन योग्यको छैन। मलाई तपाईंका ज्यालादारी नोकरहरूमध्ये एउटा सरह तुल्याउनुहोस्।'

तब त्यो उठेर आफ्नो बाबुकहाँ गयो। तर त्यो अझै टाढै छँदा त्यसका बाबुले त्यसलाई देखे र तिनी दयाले भरिए, औ दौडेर गई त्यसको गलामा तिनले अङ्गालो हालेर त्यसलाई चुम्मन गरे। अनि छोराले तिनलाई भन्यो, 'हे पिता मैले स्वर्गको बिरूद्धमा र तपाईंको